सरावल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सरावल, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

च नं
प. स. ०८२/०८३

## स्वयंसेवक सुचिकृत हुने सम्वन्धी सूचना

प्रथम पटक सुचना प्रकाशन मितिः- २०८२/०७/२७

सरावल गाउँपालिकाको आ.व २०८२/०८३ को वार्षिक स्विकृत कार्यक्रम तथा सरावल गाउपालिका कार्यालयकाको स्वयंसेवक परिचालन कार्यविधी-२०८१ बमोजिम यस सरावल गाउँपालिकाभित्रका सामुदायिक, धार्मिक विद्यालय तथा स्वास्थ्य संस्थामा स्वयंसेवक परिचालन गर्ने कार्यक्रम रहेको हुदा देहायको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले आवश्यक कागजात सहित म्यादभित्र दरखास्त पेश गर्नुहुन पदपुर्ती समितिको मिति २०८२/०७/२६ गतेको निर्णयअनुसार यो सुचना प्रकाशित गरिएको छ।

तपशिल

| विज्ञापन नं. | पद | सुचिकृत गरिने पद संख्या | कार्यक्षेत्र तथा कार्यजिम्मेवारी | तलबभत्ता तथा सुविधा |
|---|---|---|---|---|
| १/०८२/०८३ | स्वयंसेवक | १०० जना (१ पटकमा १० जना सम्म परिचालन गरि बरियताक्रमको आधारमा अन्यलाई अवसर दिईने। | सरावल गाउँपालिका अन्तर्गतको सामुदायिक/ ~~तथा~~ धार्मिक विद्यालय तथा स्वास्थ संस्था। | दैनिक रु. ५००(निर्वाह भत्ता) |

१. दरखास्त बुझाउने स्थानः- सरावल गाउपालिका गाउँ कार्यपालिका कार्यालय, सरावल
२. आवश्यक न्युनतम शैक्षिक योग्यताः- आफुले स्वयंसेवा गर्न चाहेको पदको लागी प्रचलित कानुनले तोकेको न्युनतम शैक्षिक योग्यता।
३. सेव अवधीः- १ जनालाई अधिकतम ३ महिनासम्म(पुनः नविकरण नहुने)।
४. उमेर हदः- दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।
५. दरखास्त दिने अन्तिम मितिः- सुचना प्रकाशन भएको मितिले १५ दिनभित्र।
६. आवेदन दस्तुरः- रु. ५०।
७. छनौट प्रकृयाः- छोटो सुची प्रकाशन तथा अन्तर्वार्ता
८. पेश गर्नुपर्ने कागजातहरुः- नेपाली नागरिकताको प्रतिलिपी, उम्मेद्वार स्वयंले भरेको आवेदन फारम, न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, अनुभव भए सोको प्रतिलिपी(विदेशी शैक्षिक प्रमाणपत्रको हकमा समकक्षताको प्रमाणपत्रको प्रतिलिपी।,
९. दरखास्त दिने तरिकाः- बुदा नं. ९ मा उल्लिखित कागजातहरु सवयंले प्रमाणित गरी यस गाउपालिकाको कार्यालयमा आवेदन दर्ता गर्न सकिन्छ।

नोटः- स्थानिय तथा माथिल्लो शैक्षिक योग्यता हासिल गरेकालाई प्राथमिकता हुनेछ ।

(मि.)

..........................
श्रीप्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत
श्रीप्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत

# स्वयंसेवक परिचालन-२०८१ अनुसार विद्यालयमा खटिने स्वयंसेवकहरुको लागी शर्त तथा सुविधाहरु।

१.- स्वयंसेवक परिचालन गर्नुको उद्देश्य योग्यता पुगेका व्यक्तीहरुलाई अल्प समयको लागी रोजगारी दिने, शिक्षामा गुणस्तर अभिवृद्धि गर्ने, योग्य व्यक्तिहरुलाई अनुभव प्राप्त गर्ने अवसर प्रदान गर्ने लगायतका रहेका छन।

२- विद्यालय तथा स्वास्थ्य सेवामा स्वयंसेवक खटिन चाहनेहरुको लागी न्यूनतम शैक्षिक योग्यता सम्वन्धित ऐन, नियमले निर्धारण गरेअनुसार हुनेछ।

३- स्वयंसेवक खटिने अवधी एक आर्थिक बर्षमा न्युनतम १ महिना देखी अधिकतम ३ महिनाको हुनेछ। एकपटक खटिएको स्वयंसेवक सोही आर्थिक वर्षमा पुनः अवसर प्राप्त गर्ने छैन। अधिकतम सेवा अवधी(३ महिना) पुरा गरेको स्वयंसेवकको लागी सम्मान सहित प्रमाणपत्र प्रदान गरिनेछ।

४- स्वयंसेवकको खटनपटनको लागी सार्वजनिक सुचना प्रकाशन गरिनेछ।तोकिएको म्यादभित्र आवेदन दिई नियमानुसार सुचिकृत नभएको व्यक्ति स्वयंसेवकको रुपमा कार्य गर्ने अवसर प्राप्त गर्ने छैन।

५- स्वयंसेवक सुचिकृतका लागी छनौट समितिले कार्यविधीले गरेको व्यवस्था अनुसार योग्यताक्रमको आधारमा सुचि प्रकासन गर्नेछ। सोको खटनपटन समेत सोही योग्यताक्रमको आधारमा गरिनेछ।

६- स्वयंसेवक खटाउदा सम्भव भएसम्म पायक पर्ने विद्यालय तथा स्वास्थ्य संस्थामा खटाईनेछ।

७- स्वयंसेवकहरुलाई रुजु हाजिरीको आधारमा निर्वाह खर्च स्वरुप दैनिक रु. ५००/- उपलब्ध गराईनेछ।

विद्यालय तथा स्वास्थ्य संस्थाले देहायको अवस्थामा स्वयंसेवक माग गर्न सक्नेछन।

१ - कुनै शिक्षक वा स्वास्थ्यकर्मी १ महिनाभन्दा बढी अवधीको लागी विदामा रहेमा।

२ - कुनै दरवन्दी रिक्त भई १ महिनाभन्दा बढी अवधीको लागी पदपुर्ती हुने अवस्था नरहेमा।

३ - कुनै विद्यालयमा कक्षाकोठा र शिक्षक अनुपात तोकिएको मापदण्ड अनुसार नरहेमा वा स्वास्थ्य संस्थामा नियमित सेवा भन्दा अन्तिरिक्त अन्य सेवा/कार्यक्रम सुरु गरिएको भएमा।

श्रीप्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत